# समाचार सन्देश

वर्ष १३, अङ्क १० आई.पी.एस्. लेख रचनाको सँगालो, असार १७–३१, २०६४ (जुलाई १ – १५, २००७)


## सैनिक बलको सुधार लोकतन्त्रलाई खतरा

– फरिद अहमद

ढाका (आई.पी.एस्./एन्.पी.आई.) – मुलुकका प्रमुख राजनीतिक पार्टीहरूलाई सीमान्तीकृत गर्ने बंगलादेशको सैनिक समर्थनको योजनाले प्रजातान्त्रिक संरचनामा गम्भीर क्षति पुऱ्याउने पर्यवेक्षकहरू बताउँछन् ।

लामो समयसम्म प्रधानमन्त्री चलाएका दुई महिला राजनीतिज्ञलाई निर्वासनमा पठाउन असफल भएपछि सेनाको खुट्टामा उभिएको अन्तरिम सरकार पार्टीहरूको आन्तरिक कलहलाई प्रोत्साहन गरेर दल टुक्र्याउने अभियानमा जुटेको छ ।

बंगलादेश नेशनल पार्टी (बिएनपी) का महासचिव अब्दुल भुइयानले नेतृत्व गरेको एउटा समूहले विगतमा दुईपटक प्रधानमन्त्रीको जिम्मेवारी बहन गरिसकेकी पार्टीप्रमुख बेगम खालेदा जियालाई पार्टीको शक्तिशाली पदबाट हटाउने उद्देश्यले सुधार योजना सार्वजनिक गरिसकेको छ ।

उक्त सुधार योजनाले पार्टी सभापतिको चयन राष्ट्रिय कार्यसमितिबाट हुने, सभापतिको पदावधि तीन वर्षको हुने र दुई कार्यकालभन्दा बढी समय सभापति हुन नपाउने प्रस्ताव गरेको छ । 'पार्टीप्रमुख प्रधानमन्त्री बनेको खण्डमा पार्टीको पद तत्काल त्याग्नुपर्छ' प्रस्ताव भन्छ ।

यसको अर्थ खालेदा जिया भविष्यमा न पार्टी प्रमुख हुन सक्छिन् न त प्रधानमन्त्री नै । उनले विगतमा २० वर्षसम्म पार्टीको र दुईपटक सरकारको नेतृत्व गरिसकेकी छन् ।

प्रतिद्वन्द्वी अवामी लिगमा पनि एउटा गुट प्रधानमन्त्री बनिसकेकी पार्टीप्रमुख सेख हसिना वाजेदलाई शक्तिबाट पाखा लगाउन सक्रिय छ ।

मुलुकको तेस्रो ठूलो जटिया पार्टीले पनि पार्टीप्रमुख एचएम एर्शादको ठाउँ उनकी श्रीमती रावसन एर्शादले लिने घोषणा गरिसकेको छ । एर्शादले आफ्नी श्रीमतीले नेतृत्व गरेको गुटसँग आफूलाई पार्टीप्रमुखबाट हटाउने वैधानिकता नभएको एक विज्ञप्तिमार्फत बताएका छन् ।

'राजनीतिक दलहरूको कथित सुधार कार्यक्रम केही पनि होइन भन्ने प्रष्ट छ तर दुई नेतृलाई राजनीतिबाट हटाउने योजना अन्तरिम सरकारको इच्छा अनुरूप आएको हो' ढाका विश्वविद्यालय, सामाजिकशास्त्र संकायका डीन हारुन-अर रसिदले आईपीएससित भने ।

राजनीतिशास्त्रका प्राध्यापक रसिद भन्छन्, यो प्रष्ट छ कि संकटकालीन सत्ताले टपक्क टिपेर लगिएका मुठ्ठीभर व्यक्ति, जसले आफ्नो पार्टीभित्र सुधार योजना लागू गरिरहेका छन्, का खातिर राजनीतिक गतिविधिमा बन्देज लगाएको छ । 'यो विभेदकारी नीतिले वर्तमान सरकार आगामी निर्वाचनमा अम्पायरको भूमिका खेल्नुको साटो एउटा पार्टीको रूपमा खडा भएको छ' उनले भने ।

अन्तरिम सरकारले सन् १९९१ देखि पालैपालो सरकारको नेतृत्व गरेका खालेदा जिया र सेख हसिना वाजेदमाथि भ्रमण प्रतिबन्ध लगाएको छ ।

खालेदा जिया र सेख हसिनाले नेतृत्व गरेको पार्टीले सन् १९९१ मा सैनिक तानाशाह एच एम एर्शादको निरंकुश शासनको पतन भई मुलुकमा प्रजातन्त्र पुनर्वहाली भएपछिको पछिल्लो डेढ दशकमा भएका सबै निर्वाचनमा झण्डै ७५ प्रतिशत मत हासिल गरेका थिए ।

यसै वर्षको २२ जनवरीमा हुने भनी तोकिएको निर्वाचनलाई लिएर भएको

### अनुरोध

**'समाचार सन्देश' का सामग्री पुनः प्रकाशन/प्रसारणका लागि तयार पारिएका हुन् ।**

**हामी सबै क्षेत्रबाट रचनात्मक सुझाव, सल्लाह र प्रतिक्रियाको अपेक्षा गर्दछौं ।**

**– सम्पादक**

हिंसात्मक सडक प्रदर्शनपछि विश्व बैंकका पूर्व कर्मचारीले नेतृत्व गरेको अन्तरिम सरकारले संकटकालीन स्थितिभित्रै सेनाको सहयोगमा जनवरीमै शक्ति हात पारेको हो । वर्तमान सरकारको नेतृत्व गरिरहेका केन्द्रीय बैंकका पूर्व गभर्नर फाखरुद्दिन अहमदले सन् २००८ को अन्त्यतिर आमनिर्वाचन हुनुअघि मुलुकको भ्रष्टाचारलाई ठेगान लगाउने घोषणा गरेका छन् ।

संकटकालीन स्थितिको सुरुदेखि नै भ्रष्टाचार तहसनहस पार्ने नाममा दुई ठूला पार्टीका वरिष्ठ नेताहरूलाई पक्रेर जेलमा कोचेको देखिँदै आएको छ । जेल पर्नेमा खालेदा जियाका जेठा छोरा तारेक रहमान र अवामी लिगका महासचिव अब्दुल जलिल लगायतका व्यक्तिसमेत छन् ।

सरकारको भ्रष्टाचारविरोधी अभियानप्रति धेरैजसो बंगलादेशी खुसी छन्, केहीले तोकिएको समयमा निर्वाचन गर्ने राष्ट्रपति फाखरुद्दिन अहमदको वाचा पूरा गर्नेतर्फ क्रियाशील हुन छाडेर दलहरूभित्र कलहको विऊ रोप्ने खुल्ला कदमप्रति प्रश्न उठाएका छन् ।

धेरैजसो मानिस थुप्रै समूहका व्यक्तिद्वारा नयाँ नक्कली दल गठन गर्ने कदम, जसमा नोबेल पुरस्कार विजेता लघुऋण कार्यक्रमका अग्रणी मोहम्मद युनुससमेत सामेल छन्, ले सेनाको खुट्टामा उभिएको सरकारलाई सघाएको विश्वास गर्छन् ।

अन्तरिम सरकारलाई सुरुमा नि:संकोच समर्थन गरेका विदेशी दाताले हाल आएर उसका थुप्रै गतिविधिप्रति सन्देह प्रकट गर्न थालेका छन् ।

संयुक्त राज्य अमेरिकाले बंगलादेशको राजनीतिमा सेनाको कुनै प्रकारको संलग्नता आफूले देख्न नचाहेको र यो भूल हुने ठानेको बताएको छ ।

'हामीले स्पष्ट रूपमा भन्दै आएका छौं कि कुनै पनि सैनिकले सेवाबाट अवकास लिएर वा राजीनामा दिएर राजनीतिमा आउने निर्णय लिन सक्छ, त्यो उनीहरूको अधिकार हो तर राजनीतिमा सेनाको प्रत्यक्ष भूमिका भूल हुनेछ' बंगलादेशका लागि निवर्तमान अमेरिकी राजदूत प्याट्रिसिया ए बुटेनिसले भने ।

'म कसैलाई पनि नयाँ पार्टीमा लाग्न जोरजुलुम गरेको र दबाब दिएको हेर्न चाहन्न र निश्चयनै हामी राजनीतिमा सैनिक संलग्नता चाहँदैनौं । मैले अघि पनि यही कुरा भनेको थिएँ कि सेनाले कुनै पनि प्रकारको राजनीतिक भूमिका खेल्नु हुँदैन' इराकमा राजदूतको नयाँ जिम्मेवारी लिन जुनको अन्तिम साता ढाका छाडेका बुटेनिसले भने ।

मुलुकका दुवै प्रभावशाली नेतृहरूलाई निर्वासनमा पठाउने सरकारी योजना चर्को आन्तरिक र वाह्य आलोचनाका कारण असफल भयो ।

निर्वासनमा पठाउने योजना असफल भएलगत्तै दुवै नेतृमाथि हत्या, भ्रष्टाचार, जबरजस्ती चन्दा जस्ता आपराधिक कार्यमा संलग्न रहेको आरोप लगाइएको छ ।

'राजनीतिक दलभित्र चालू सुधार प्रक्रियाले आम जनतामा आशंका पैदा गर्नेछ ...मुलुकको लागि राजनीतिक दलमा संरचनात्मक फेरवदल होइन समग्र राजनीतिक संस्कारमा सुधारको खाँचो छ' बिएनपी सभापति खालेदा जियाले सञ्चारमाध्यमहरूसँग भनिन् ।

वर्कर्स पार्टी अफ बंगलादेशका रशेद खान मेनोन विभिन्न राजनीतिक पार्टीमा भइरहेको सुधारको प्रयास स्व:स्फूर्त नभई अरुद्वारा 'लादिएको' बताउँछन् । 'ती प्रयासहरू स्व:स्फूर्त होइनन्, उनीहरूले सो प्रक्रिया विगतमा तिनीहरूले के गरेका थिए भन्ने कुरा मनन् गरेर थालेको होइन' उनले भने ।

सुधारको नाममा अहिले भइरहेका गतिविधिले आपसी अविश्वास बढाउने र दलहरूलाई विभाजनतर्फ लैजाने उनी बताउँछन् । 'षडयन्त्रको राजनीतिको हालीमुहाली हुनेछ' उनले चेतावनी दिए ।

बंगलादेश राजनीतिशास्त्र संघका अध्यक्ष समेत रहेका ढाका विश्वविद्यालयका प्राध्यापक अताउर रहमान भन्छन् 'यो असामान्य होइन... विगतमा प्रमुख राजनीतिक दलमा शक्ति राजकीय नेतृत्वमा केन्द्रित थियो...यो सच्चिनु आवश्यक छ ।'

तर, प्राध्यापक रसिद महिला नेतृद्वयप्रति लक्षित 'माइनस २ सोलुसन' (दुईजनालाई सून्यमा पुऱ्याउने) को सूत्रमा आधारित सुधारको भविष्यप्रति सशंकित छन् ।

'यो कुनै नयाँ कुरा होइन पाकिस्तानका सैनिक तानाशाह अयुब खान पनि सन् १९५९ मा यस्तै सिद्धान्त बोकेर आएका थिए, उनले कयौं राजनीतिज्ञलाई निर्वाचनमा भाग लिन प्रतिबन्ध लगाए, तर अन्तत: उनी असफल भए' उनले भने ।

'अहिले ज-जसले सुधारको कुरा गरिरहेका छन्, उनीहरूले विगतमा कहिल्यै त्यसो भनेका थिएनन्' रसिद भन्छन् 'अहिले प्रश्न उठेको छ- उनीहरूले यो काम कसैको डरले वा दबाबमा गरिएका त होइनन् ।'

न्यू एज दैनिकले २८ जुनको सम्पादकीयमा भनेको छ 'मुलुक र समाजको प्रजातान्त्रिक उन्नतिका लागि राजनीतिक दलमा आमूल परिवर्तन अपरिहार्य छ । ... उनीहरूलाई त्यस्तो सुधारको माग गर्ने नेता र कार्यकर्ताको स्व:स्फूर्त गतिविधिमार्फत खुल्ला राजनीतिक वातावरणमा ल्याइनुपर्छ ।'

'भयको वातावरणमा दबाबपूर्ण सुधार, हाम्रो दृष्टिकोणमा, पार्टीभित्र र समाजका प्रजातन्त्र प्रदान गर्नमा असफल हुन्छ' सम्पादकीयमा भनिएको छ ।

# प्लाष्टिक बोतलको पानी घाममा राखेर खाने

– रिचेल लाङ्गित-दुर्सिन

जकार्ता (आई.पी.एस्./एन्.पी.आई.) - दक्षिणी जकार्ताको बिन्तारोमा बसोबास गर्ने गरिब गाउँले परिवारका लागि आवश्यक पर्ने पिउने पानीको निम्ति प्रयोग भइसकेका प्लाष्टिकका बोतल र सूर्यको किरण आवश्यक पर्छ ।

पेसाङ्ग्राहनस्थित जलान विन्तारो पर्माइको डम्पिङसाइट छेउमा बसोबास गर्ने तथा फोहोर व्यवस्थापनको काम गर्ने (कुचीकार) मानिसहरू मिल्काइएका प्लाष्टिक बोतल र घामको चर्को किरण जमिनमुनिको पानी निर्मलीकरणको लागि प्रयोग गर्दछन् ।

'हामीले पिउने पानी सफा पार्न पैसा खर्च गर्नु पर्दैन' तीन बच्चाकी २९ वर्षीया आमा गृहणी देवीले भनिन् ।

छिमेकीहरूले जस्तै देवी पनि उमालेर पानी स्वच्छ पार्न प्रतिमहिना पाँच डलर खर्च गरेर चर्को अनुदानको १५ लिटर मट्टितेल किन्ने गर्थिन् । सो रकम त्यति ठूलो नभए पनि कुचीकारी गरेर दैनिक १ डलर आर्जन गर्ने व्यक्तिकी पत्नी देवीका लागि चानचुने चाहिँ होइन ।

यहाँ र जकार्ताका अधिकांश भागमा एक लिटर मट्टितेलको मूल्य तीन सेन्ट पर्छ, एलपी ग्यासको प्रयोग बढाउने सरकारी प्रयासको एक अङ्गको रूपमा राज्य नियन्त्रित तेल कम्पनी पर्तामिनाले आपूर्ति कटौती गरेपछि बजारमा यसको अभाव देखापरेको छ ।

गत दुई महिनादेखि देवीले सूर्यको किरणमा राखेर पानी सुद्धीकरण गर्ने सस्तो तरिका अपनाएर मट्टितेल किन्ने पैसा जोगाएकी छन् । पहिलेभन्दा फरक, देवी आजकल खाना पकाउनका लागि महिनामा ६ लिटर मात्रै मट्टितेल खरिद गर्छिन् । बचेको पैसा उनकी १२ वर्षीया छोरीको स्कुल खर्चमा प्रयोग हुन्छ ।

सौर्य पानी-शुद्धीकरण प्रक्रिया भनिने यो सस्तो विधिले स्थानीयवासीको स्वास्थ्योपचारमा खर्च हुने पैसा पनि जोगाइदिएको छ । स्थानीय वासीका अनुसार पछिल्लो समयमा उनीहरूका केटाकेटी झाडापखाला जस्ता पेटको समस्याबाट बिरलै सताइएका छन् । स्थानीयवासी एक पुरुष घाममा राखेर शुद्धीकरण गरिएको पानी पिउन थालेपछि आफ्नो मधुमेहको समस्यामा पनि सुधार आएको विश्वास गर्छन् ।

'यो बोतलबन्द पिउने पानी जस्तै छ' गाउँका मुखिया ४० वर्षीय मुल्यानीले भने । देवीले घाममा राखेर शुद्ध पारेको पानीप्रति आशंका गर्ने र पिउन डराउने पहिलो व्यक्ति मुल्यानी नै थिए ।

बिन्तारो पर्माइका ५२ गरिब परिवारले इन्धन जोगाउने तरिका सुरुमा सामाजिक सेवा परियोजनामा लाग्नुपर्छ भन्ने विचार अस्वीकार गरेका तर, पछि एउटा अनाथालयमा काम गर्दै आफ्नो जीवन अर्काको सेवामा समर्पित गर्ने निर्णयमा पुगेका जकार्ता इन्टरनेसनल स्कुल (जेआईएस) का पूर्व विद्यार्थी इम्मानुएल लाउमेनिएरद्वारा स्थापित गैरसरकारी संस्था इम्मानुएल फाउन्डेसनबाट सिकेका हुन् ।

'सौर्य पानी-शुद्धीकरण प्रक्रिया जटिल छैन' जेआइएसका पूर्व विद्यार्थी तथा इम्मानुएल फाउन्डेसनको पानी कार्यक्रम निर्देशक मिन्डी वेइमरले भने । फाउन्डेसनले सफा पिउने पानीमा पहुँच प्रवर्द्धन गर्ने एउटा परियोजना मात्रै सञ्चालन गरेको छ । सो संस्थाले टुहुरा बाल बालिकालाई शिक्षा र स्वास्थ्य सेवा पनि प्रदान गर्दछ ।

पानी शुद्ध बनाउन सुरुमा पारदर्शी प्लाष्टिकको बोतललाई सफा गर्नुपर्छ । सफा गरिएको बोतलमा पानी भरेर बिर्को बन्द गरी ६ घन्टासम्म घाम लागेको ठाउँमा राख्नुपर्छ । बोतलमा हावा रहने ठाउँ नराखीकन पानी भर्नुपर्छ । बोतलभित्रको हावाले सूर्यको पराबैजनी किरणलाई फर्काएर पानीमा रहेका व्याक्टेरिया मर्न दिँदैन ।

बोतललाई कालो कपडामाथि ढालेर राखियो भने पानीले तातोपन चाँडै सोस्छ । तर, कमजोर जीवनस्तर का कारण स्थानीयवासीहरू पानी भरेको बोतल आफ्नो छाप्रोको छतमा राख्ने गर्दछन् ।

जब गाउँलेले सौर्य पानी-शुद्धीकरण प्रक्रियाबारे जानकारी पाए, तब उनीहरू सूर्यको किरणले पनि झाडापखाला, टाइफाइड, हैंजा, पेट दुखाइजस्ता साझा पानीजन्य रोगको कारकको रूपमा रहेका कयौं प्रकारका व्याक्टेरिया मार्दोरहेछ भनेर आश्चर्यमा परे ।

तर, पैसा कमाउनका लागि उनीहरूले बिक्रीसमेत गर्ने गरेकोले प्लाष्टिक बोतलको अभाव उनीहरूका लागि समस्या बनेको छ । देवी स्वयं यसको उदाहरण हुन् । उनी तीन बोतल पानी मात्रै सुद्ध पार्छिन् जबकि उनको परिवारले दैनिक करिब चार बोतल पानी उपभोग गर्दछ ।

'यदि हामी ज्यादै तिर्खायौं भने जमिनमुनिको पानी सीधै पिउँछौं'

देवीले औंल्याइन् ।

स्वास्थ्य मन्त्रालयको तथ्याङ्कअनुसार ८० प्रतिशत इन्डोनेसियालीले प्रदूषित मुहानको पानी लिइरहेका छन् । तथ्याङ्कले अधिकांश बासिन्दाहरूसँग सेप्टिक ट्याङ्क नभएकोले इन्डोनेसियाली जमिन मुनिको पानी फाइकल कोलिफर्म (मानवमलमा हुने व्याक्टेरिया) युक्त भएको तथ्य पनि खुलस्त पारेको छ ।

खिया लागेका थोत्रा पाइपका कारण पनि पानी प्रदूषित हुने गरेको छ । यहाँका अधिकांश पाइप जर्मनीको उपनिवेशताका--८० वर्षअघि विच्छ्याइएका हुन् ।

तथ्याङ्कले के पनि देखाएको छ भने १० करोडभन्दा बढी इन्डोनेसियालीको सुरक्षित पानीमा पहुँच छैन । विश्वको सर्वाधिक जनसंख्या भएका मुलुकहरूको पंक्तिमा चौथो नम्बरमा पर्ने इन्डोनेसियाका पानी कम्पनीहरूले सहरी जनसंख्याको करिब ४० प्रतिशत परिवारलाई मात्रै खानेपानी आपूर्ति गर्दछन् । बाँकी मानिस इनार, पानी बिक्रेता जस्ता अन्य स्रोतहरूमा भर पर्दछन् । ग्रामीण क्षेत्रमा त पानी कम्पनीहरूले १० प्रतिशत परिवारलाई मात्रै आपूर्ति गर्छन् ।

पाइपको पानीमा पहुँच नभएका इन्डोनेसियालीले प्रति क्युबिक मिटर पानीका लागि २ दशमलव ७ सेन्ट खर्च गर्छन् ।

सौर्य सुद्धीकरण बाहेक इन्डोनेसियालीहरू उमालेर, सेरामिक फिल्टर प्रणाली अवलम्बन गरेर अथवा सोडियम हाइपोक्लोराइट किनेर पनि प्रदूषित पानी सफा पार्छन् । प्रदूषित पानी शुद्ध पार्ने सबै तरिकामध्ये उमाल्ने तरिका लोकप्रिय छ । स्वास्थ्य मन्त्रालयका अनुसार कुल जनसंख्याको ९० प्रतिशतले दिनहुँ पानी उमाल्छन् । तर, स्वास्थ्य मन्त्रालय अन्तर्गतको पानी सब-डिभिजन सरसफाई निर्देशनालयका प्रमुख जैनाल नाम्पिराका अनुसार पानी उमाल्ने विधि वायु प्रदूषणको कारण बनेको छ ।

'मट्टितेल र दाउरा बाल्दा निस्कने धुवा आँखा र छातीको समस्याको कारण बन्छ' पानी राम्रोसँग उमालिएन भने रोग निम्त्याउने तत्वहरू नमर्ने उल्लेख गर्दै नाम्पिराले भने । सुरक्षित बनाउनका लागि पानीलाई कम्तीमा एक मिनेट उम्लन दिनुपर्छ ।

सौर्य पानी सुद्धीकरण प्रक्रिया सस्तो छ र पनि यसको अभ्यास थोरै समुदायले मात्रै गरेको छ । हुने खाने इन्डोनेसियालीहरू एक डलरभन्दा थोरै बढी मूल्य तिरेर एक ग्यालन मिनरल वाटर किन्छन् ।

जकार्ता बाहिर यो सरल तरिका भूकम्पको चपेटामा परेको योग्यकार्ता र पूर्वी लोम्बोक प्रान्तका केही वासिन्दाले अपनाउँछन् ।

मानिसहरू यो तरिका अपनाउन अनिच्छुक देखिनुको प्रमुख कारण सुद्धीकरणको लागि लाग्ने लामो समय हो । घमाइलो दिन ६ घन्टा कुर्नुपर्छ भने बादल लागेको बेला दुई दिनसम्म पनि लाग्छ सक्छ ।

'हामी मौसममा विश्वस्त हुन सक्दैनौं । कहिलेकहीँ घामै लाग्दैन' तान्जुङ प्रिओकका बासिन्दा स्यारिफले दुःखेसो पोखे ।

इन्डोनेसियामा नोभेम्बरमा बर्खा सुरु भई मार्चमा सकिन्छ । जकार्ताका बासिन्दाले भने जुलाईसम्मै वर्खाको अनुभव गर्छन् ।

इन्डोनेसियाली जनसंख्याको सानो हिस्साले मात्रै सौर्य पानी सुद्धीकरण प्रक्रिया अपनाउनुको अर्को कारण, खासगरी जाभावासीको हकमा, सादा पानी भन्दा धेरै तातो चिया पिउन रुचाउनु हो । तसर्थ, जाभावासीहरूले पानी उमालेर पिउँछन् ।

'मानिसले घाममा राखेर पानी शुद्ध पार्ने प्रविधि नरुचाउनुको अर्को कारण यो तरिका गरिबका लागि मात्र हो भन्ने उनीहरूको बुझाइ हो' इम्मानुएल फाउन्डेसनका सार्वजनिक स्वास्थ्य इन्जिनियर अरुण वुलान्दारीले भनिन् ।

स्वास्थ्यका कारण सो संस्थाले घामको किरणमा राखेर शुद्ध पारिएको पानी एचआईभी/एड्स संक्रमित व्यक्ति र २ वर्षभन्दा कम उमेरका बालबालिकाको लागि सिफारिस गर्दैन किनकी उनीहरूको रोग प्रतिरोध प्रणाली कमजोर हुन्छ । सौर्य पानी सुद्धीकरण प्रक्रिया पोलियोविरुद्ध प्रभावकारी छ छैन भन्ने बारे प्रष्ट हुन पर्याप्त अनुसन्धान गरिएको छैन ।

'पानीलाई घाममा राख्दा केही व्याक्टेरिया सौर्य विकिरणले मार्न सक्दैन' वुलान्दारी भन्छिन् । घाममा राखेर पानी सुद्धीकरण गर्ने प्रक्रिया अपनाउँदा पानी भर्नुअघि प्लास्टिकको बोतललाई राम्ररी सफा गर्नुपर्ने उनको सल्लाह छ ।

सौर्य शुद्धीकरण विधिको प्रवर्द्धन गर्न इम्मानुएल फाउन्डेसनले स्कुले बालबालिका, खासगरी झुपडीमा बसोबास गर्ने, लाई कमिकका पुस्तक वितरण गरेको छ । 'बालबालिकाले आफ्ना अभिभावकलाई सौर्य विधिबाट पानी शुद्ध पार्न प्रभावित गर्न सक्छन् भन्ने हाम्रो विश्वास छ' सोही संस्थाका सार्वजनिक स्वास्थ्य प्रवर्द्धक मिता सिराइत भन्छन् ।

सौर्य शुद्धीकरण विधिको वकालत गर्ने कमिकमा एउटी केटीले सार्वजनिक ठाउँमा आफ्ना बाबुसँग 'जगिङ' गरिरहेको कथा छ । अभ्यास गरेर थाकेपछि अनी नामकी ती केटीले आफ्ना बाबुलाई बोतलको पानी किन्न भन्छिन् । बाबुले रित्तो प्लास्टिक बोतल फाल्न खोज्दा अनीले रोक्छिन् ।

'हामीले यो बोतल दूषित पानीलाई शुद्ध बनाउने काममा प्रयोग गर्न सक्छौं' अनी भन्छिन् ।

त्यसपछि उनले घाममा राखेर पानी शुद्ध पार्ने विधि तथा प्रदूषित पानी पिउँदाका नकारात्मक असरबारे आफूले शिक्षकबाट पाएको ज्ञानका आधारमा बताउँछिन् ।

'यदि हामीसित प्लास्टिक बोतल सफा गर्ने बुरुस छैन भने बाँस अथवा काठको लठ्ठीको एकापट्टिको टुप्पोमा कपडाको टुक्रा बेरेर पनि सफा गर्न सक्छौं' उनी भन्छिन् । कथा अनीको परिवारको सुस्वास्थ्य र सुखसँगै टुंगिन्छ ।

# बुस–मुसर्रफ गठबन्धनमाथि बढ्दो आक्रमण

– जिम लोब

वासिंगटन (आई.पी.एस्./एन्.पी.आई.) – सञ्चारमाध्यम र वासिंगटनका अधिकारीले इरान र इराकलाई अमेरिकी विदेशनीतिको चुनौतीको रूपमा स्वीकार गरेका छन्। त्यस चुनौतीको सामना गर्न पाकिस्तानलाई हात लिनु आवश्यक रहेको ठहर पनि उनीहरूको छ। आतङ्कवाद विरोधी युद्धको केन्द्रीय मोर्चामा सहयोगीको रूपमा पाकिस्तानले भूमिका निर्वाह गरेकोमा पनि उनीहरू सहमत छन् । यति हुँदाहुँदै पनि अमेरिकी राष्ट्रपति जर्ज डब्लु बुस र पाकिस्तानी राष्ट्रपति परवेज मुसर्रफबीचको सम्बन्धमाथि आलोचना हुन थालेको छ। आलोचकहरू पाकिस्तानलाई हेर्ने अमेरिकी दृष्टिकोणमा आमूल परिवर्तन हुनुपर्ने धारणा प्रकट गर्दछन् ।

उनीहरूको विचारमा अफगानिस्तानमा तालिबानलाई समर्थन गर्ने तथा सीमा क्षेत्रको पाकिस्तानी आदिवासी इलाकामा उसलाई सुरक्षित आश्रय दिने 'दोहोरो खेल' खेलेका कारण मुसर्रफको आलोचना हुनु आवश्यक छ। मुसर्रफको यही द्वैध चरित्रका कारण पाकिस्तानप्रति अमेरिकाले विशेष चासो राख्नुभने आववश्यक छ ।

११ सेप्टेम्बरयता इस्लामावादप्रति उदार बनेको वासिंगटनले प्रदान गरेको १० अर्ब अमेरिकी डलरको प्राय: सम्पूर्ण हिस्सा हात पारेको सेनाका सबै निकाय आम असन्तोषको मुहानको रूपमा देखापर्दै आएका छन् । यस खालको दीर्घकालीन अस्थिरताले अल-कायदा र यसका कट्टरपन्थी सहयोगीलाई मात्रै फाइदा पुऱ्याउँछ ।

परिणामस्वरूप सरकारमा रहेका तथा नरहेका क्षेत्रीय विशेषज्ञहरूको बढ्दो संख्याले सेना र मुसर्रफमाथि--आवश्यक परेमा प्रतिबन्धसमेत लगाएर--सही ढंगले सहयोग गर्न र ढिलै भए पनि क्रमश: प्रजातान्त्रिक शासनप्रति उन्मुख हुन दबाब बढाउनुपर्ने तर्क राखेको छ ।

तथापि अमेरिकी राष्ट्रपति जर्ज डब्लु बुसको वर्तमान प्रशासनले त्यस्तो नीति अबलम्बन गर्ला जस्तो देखिँदैन। जुलाईको दोस्रो साता पाकिस्तानी कमान्डोले करिब ६ महिनाअघिदेखि राजधानी इस्लामावादस्थित लाल मस्जिद कब्जा गरेर बसेका इस्लामिक लडाकू र विद्यार्थीविरुद्ध गरेको सशस्त्र कारवाहीबाट पाकिस्तानको कथित 'मदरसा बेल्ट' का कट्टरपन्थी धार्मिक नेताहरूलाई धरपडक मात्र नगरी उनको सरकारले दुई वर्षको अवधिमा करिब करिब तालिबानलाई समर्पण जस्तै गरेको आदिवासी क्षेत्र फिर्ता लिने प्रयास गर्न परवेज मुसर्रफ दृढ छन् भन्ने अमेरिकी अधिकारीहरूको स्पष्ट विश्वास छ।

'मुसर्रफ अमेरिकाको यी अतिवादविरोधी युद्धका सशक्त सहयोगी हुनुहुन्छ' बुसले जुलाई दोस्रो साताको सुरुतिर लाल मस्जिदमा संघर्ष जारी रहेकै बेला भनेका थिए 'उहाँ अतिवादीलाई अस्वीकार गर्ने मूल्यवान सहयोगी बन्नुभएको छ । र त्यस्ता सहयोगीलाई मद्दत गर्नु महत्वपूर्ण हुन्छ ।'

त्यो वास्तवमा सेप्टेम्बर ११ यता मुसर्रफको बहिर्गमनले आणविक अस्त्रसम्पन्न पाकिस्तानको शक्तिमा या त इस्लामिकप्रति ज्यादै झुकाव राख्ने जनरल या सैनिक शासनबाट धेरै फाइदा लुटेको मुस्लिम पार्टी आउँनेछ भन्नेमा विश्वस्तजस्तो देखिएको ह्वाइट हाउसको लामो समयअघिदेखिको 'लाइन' को रूपमा देखिएको छ ।

'यदि तपाईले सहयोग गर्नुहुन्न भने मलाई सहयोग गर्ने 'दारिवाल' हुनेछ भनेर मुसर्रफले बुसलाई भनेको मैले सुनेको छु' सेन्ट्रल इन्टेलिजेन्स एजेन्सी (सिआइए) मा विगतमा दक्षिण एसिया विशेषज्ञको रूपमा काम गरेका ब्रुस रेइडेलले नेशनल पब्लिक रेडियोलाई जुलाईको दोस्रो साता भने । उनले बिल क्लिन्टन र बुसको शासनकालमा राष्ट्रिय सुरक्षा परिषद्मा पनि काम गरेका थिए।

राम्रो सम्बन्ध भएका पाकिस्तानी पत्रकार अहमद रसिदका अनुसार प्रजातान्त्रिक संक्रमणतर्फ अघि बढ्ने तथा तालिबान र अल-कायदासित सम्बद्ध आतङ्ककारी सञ्जाल ध्वस्त पार्ने वाचा पूरा गर्न राष्ट्रपति परवेज मुसर्रफलाई साँच्चिकै दबाब दिनुपर्छ भन्ने विदेश मन्त्रालयका क्षेत्रीय विशेषज्ञ, सिआइए र पेन्टागन समेतको सुझावलाई बारम्बार अस्वीकार गर्दै आएका अमेरिकी उप-राष्ट्रपति डिक चेनी र प्रशासनका अन्य कट्टरन्थीलाई कहालीलाग्दो परिदृष्यले विशेष सताएको छ ।

सर्वोच्च अदालतका मुख्य न्यायाधीशको निलम्बनलाई लिएर बढ्दो विरोधदेखि लाल मस्जिदसम्मका थुप्रै चुनौतीले घेरिएको र यसले उदारवादी तथा कट्टरपन्थी दुबैमाझ मुसर्रफको लोकप्रियता नाटकीय रूपमा घटाएको बेला उनीहरूको आवाज हालैका महिनामा अझ बुलन्द भएर आएको छ ।

अफगानिस्तानमा तालिबानको पुनर्उत्थान, सेना फिर्तापछि पाकिस्तानको आदिवासी क्षेत्रमा भएको तालिबानीकरणसँगै तिनै आदिवासी क्षेत्रका सुरक्षित आश्रयमा मुसर्रफका पूर्व सहयोगीलाई समेत मनाएर अल-कायदाले आफ्ना योजना एवं कार्यक्षमता क्रमिक रूपमा बलियो बनाउँदै लगेको यो समयमा उनको 'दोहोरो खेल' अमेरिकी राष्ट्रिय सुरक्षाका लागि गम्भीर खतरा हो भन्नेमा अमेरिकी खुफिया समुदायबीच सहमति बढ्दो छ ।

वासिंगटन मुसर्रफबाट टाढिएर निर्वासनमा रहेका पूर्व प्रधानमन्त्रीद्वय बेनजिर भुट्टो र नवाज स फिलगायतका प्रतिपक्षीसँग गम्भीर रूपले मिलेर जानुपर्छ भन्ने विषयको चर्चा र सुझाव पत्रपत्रिकाका सम्पादकीय, लेख, स्तम्भ र वैचारिक छलफलहरूमा देखिनुले प्रभावशाली व्यक्तित्वहरूको विचारमा परिवर्तन आएको प्रष्ट प्रमाण मिल्छ ।

'अहिले हामी लामो समयदेखि उठेको प्रजातन्त्रको लहर र निर्वासित नेताहरूलाई समेटेर पाकिस्तानी नागरिक राजनीतिको केन्द्रबिन्दुमा पुगेको हुनुपर्थ्यो' रेइडेलले भने 'वासिंगटनलाई पनि भयावह परिदृश्यले गाँजिरहेको छ । मलाई लाग्छ त्यहाँ प्रजातन्त्रमा फर्कने वास्तविक अवसर छ र अमेरिकाले त्यसको स्पष्ट समर्थन गर्नुपर्छ ।'

कारनेजी इन्डोमेन्ट फर इन्टरनेशनल पिसले जुलाईको दोस्रो साता सार्वजनिक गरेको प्रमुख नीतिपत्रले वास्तवमा अमेरिका र युरोपेली संघलाई एउटा 'नन नेगोसिएबल' प्याकेज संयुक्त रूपमा अघि सार्न भनेको छ । उक्त प्याकेज अन्तर्गत मुसर्रफ र सैनिक सरकारले आतङ्कवादविरुद्ध लड्ने र प्रजातन्त्रको पुनर्स्थापना गर्ने पूर्वप्रतिवद्धता अनुसार काम नगरे ऊविरुद्ध प्रतिबन्ध लगाइनेछ भन्ने कुराले पश्चिमी राष्ट्रको पाकिस्तानी सरकारलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको थप प्रमाण दिन्छ ।

फ्रेन्च विश्लेषक फ्रेडरिक ग्रारेले तयार पारको 'रिथिङ्किङ वेष्टर्न स्ट्राटेजीज टुवार्डस् पाकिस्तान' (पाकिस्तानप्रतिको पश्चिमी रणनीतिमा पुनर्विचार गरिदै) शीर्षकको सो नीतिपत्रले मुसर्रफ संविधान मिच्दै पुन: राष्ट्रपति र सेनाप्रमुखको पदमा कायमै रहिरहे र आगामी हिउँदमा हुने निर्वाचन अन्तर्राष्ट्रिय पर्यवेक्षक राखेर स्वतन्त्र र निश्पक्ष रूपमा सम्पन्न गर्न असफल भएको खण्डमा पश्चिमी मुलुकहरूले पाकिस्तानी सेना र सैनिक नियन्त्रणमा रहेका कम्पनी तथा निकायविरुद्ध अन्य उपायसँगै हतियार र व्यापारिक नाकाबन्दी लगाउनुपर्ने सुझाव दिएको छ ।

अफगानिस्तान र भारतको कास्मिरभित्र हुने सबै प्रकारका घुसपैठ रोकथाम गर्न र पाकिस्तानभित्र रहेका 'आतङ्ककारी पूर्वाधार' लगायत अल-कायदासम्बद्ध संगठनहरूलाई तत्काल तहसनहस पार्ने पूर्व प्रतिबद्धता पछ्याउन मुसर्रफ असफल भए भने पनि त्यस्तै प्रतिबन्ध लगाइने छ ।

ग्रारेका अनुसार उक्त 'रणनीतिक अनिवार्यता' पाकिस्तानमा सेना र राजनीतिबीचको पुल भत्काउनका लागि हुनुपर्छ । यो प्रस्तावलाई ब्रुकलिङ इस्टिच्यूटका अनुभवी पाकिस्तान विज्ञ स्टेफेन कोहेनले पनि अनुमोदन गरेका छन् । वासिंगटन पोस्टको एउटा स्तम्भमा जुलाईको पहिलो साता उनले पाकिस्तानी सेनाले आफैं शासन गर्न नसक्ने हुँदा 'राजनीतिबाट सूत्रबद्ध रूपमा बाहिरिने' चाहना राख्नुपर्ने सुझाव दिएका थिए ।

'अमेरिकाले एउटा आफ्नै आँखाअगाडि पतन हुँदै गएको शासनलाई समर्थनको अवास्तविक अभिव्यक्ति दिइरहेको छ जुन ज्यादै लाजमर्दो हुनेछ' कोहेनको चेतावनी थियो । कारनेजीको सत्रमा उनले बर्तमान प्रशासनले आफ्नो अवधारणा अवलम्बन गर्ने सम्भावना नरहेको भविष्यवाणी पनि गरेका थिए ।

'मुसर्रफ हाम्रा मान्छे हुन् र हामी उनीसँगै हिडिरहेका छौं' भन्ने प्रशासनको विश्वास रहेको उनले बताए ।

# पक्ष–प्रतिपक्ष विरोधमा तैपनि मृत्युदण्ड कायमै

– रोसारिया ओमुन्गो

नैरोबी (आई.पी.एस्./एन्.पी.आई.) – प्रभावशाली पार्टीका राजनीतिज्ञ तथा प्रखर मानवअधिकारकर्मीहरू केन्यामा मृत्युदण्डको सजाय खारेज गर्नुपर्ने समय आएको विचार व्यक्त गर्दछन् । एकातिर उनीहरू मृत्युदण्डका विपक्षमा आवाज उठाइरहेका छन्‌भने अर्कातिर अदालतहरू मृत्युदण्डका सजायहरू पारित गर्दैछन् । यसले गर्दा मृत्युदण्डको सजाय पाएका बन्दीहरूको संख्या बढिरहेको छ ।

गएको जुन २१ तारिखमा न्यायाधीश तथा संवैधानिक मामिला सहायक मन्त्री डानसन मुङ्गाटानाले पत्रकारलाई भने, 'सरकार मृत्युदण्ड खारेज गर्न प्रतिबद्ध छ । यस निर्णयपछि पर्ने प्रभावका बारेमा पनि हामी सचेत छौं,' मृत्युदण्डप्रति सरकारको धारणा के छ भनी सोधिएको प्रश्नको जबाफमा उनले यो जबाफ दिएका हुन् ।

तर उनले मृत्युदण्डको सजाय कहिलेबाट खारेज गरिनेछ भनेर मिति चाहिं खुलासा गरेनन्, अगाडि भने- अहिले तयारीको चरण चलिरहेको छ । ठीक समय आएपछि संसदले यसबारेमा निर्णय लिनेछ ।

केन्याले सबैभन्दा पछिल्लो पटक मृत्युदण्डको सजाय दिएको भनेर जानकारीमा आएको घटना डेनियल अराप मोईको शासनकालको १९८७ को हो । १९८२ को अगष्ट १ तारिखको 'कू' का परिकल्पनाकार मानिएका हेज्कीआह ओचुका र प्यानक्याज ओटियो ओकुमुलाई झुण्डाएर मृत्युदण्डको सजाय दिइएको थियो ।

त्यसभन्दा यता पनि हजारौंलाई मृत्युदण्डको सजाय दिइसकिएको छ तर त्यसको कार्यान्वयन हुनभने बाँकी छ । बन्दीहरू मारिने दिनको प्रतीक्षामा छन् । यस लेखको प्रकाशनको अन्तिम मितिसम्म पनि मृत्युदण्डको प्रतीक्षामा रहेका बन्दीहरूको संख्या थाहा पाउन आईपीएसले जेल बिभागको खुसामद गरिरह्यो, जानकारी पाउन सकेन । तर गएको २००१ देखि २००५ सम्ममा ३,७४१ लाई झुण्डाएर मार्ने सजाय सुनाइएको र एक वर्षमा ७४८ व्यक्तिले सो सजाय पाएको भने जेल विभागको तथ्याङ्कबाट जानकारीमा आएको छ ।

सोही समयावधिमा झण्डै दुई सय व्यक्तिको मृत्युदण्डको सजाय आजीवन कारावासमा बदलिएको पनि जानकारी गराइएको छ ।

राष्ट्रपति म्वाई किबाकीले पनि सन् २००३ मा २२३ जनाको मृत्युदण्डलाई माफी पनि दिएका थिए । यसरी माफी पाउने एक जनाको घटना निकै रोचक पनि छ । सामसोन ओचान्दा और नामको सो व्यक्तिको मुद्दाको फायल हराएको थियो, फायल नभेटेसम्म सजाय कार्यान्वयन गर्न पनि मिलेन । तर ऊ सबैभन्दा लामो अवधिसम्म थुनामा परेको बन्दी बनिसकेको थियो । अन्ततः राष्ट्रपतिले उसलाई मृत्युदण्डको सजायबाट मुक्त गरे । उनका साथ अन्य २२२ जनाले पनि माफी पाए । और १९८८ मा भएको डकैती तथा हत्याको मुद्दामा सजाय काटिरहेको थियो । केन्यामा हत्या र देशद्रोहका अतिरिक्त डकैती गरेको र त्यसको प्रयास मात्र गरेकोमा पनि सोही सजाय प्राप्त हुन्छ ।

वातावरण मन्त्री किभुथा किब्वानाले आईपीएसलाई मृत्युदण्डको सजाय खारेज हुनुपर्छ भनेर अवधारणा बनाउने व्यक्तिमा उनी पनि हुन् । 'कसैको हत्या नै गरेको व्यक्ति किन नहोस्, दोषीलाई मृत्युदण्ड नै दिए पनि मारिएको

व्यक्ति बाँच्दैन । यस प्रावधानले दुई जनाको मृत्यु गराउँछ,' उनले भने ।

प्रभावशाली प्रतिपक्षी पार्टीले पनि प्रेस वक्तव्य नै प्रकाशित गरेर मृत्युदण्डको सजाय खारेज गर्न सरकारलाई सघाउने वचबद्धता प्रकट गरेको छ । यसको अर्थको सरकारले मृत्युदण्ड खारेज गर्ने प्रस्तावका साथ विधेयक ल्याएमा संसदले पास मात्र गर्नेछैन, प्रतिपक्षीको पनि साथ पाउनेछ ।

'मृत्युदण्डको कुनै सकारात्मक परिणाम देखिंदैन, त्यसैले यसको खारेजी हुनैपर्छ,' ओराङ्ग लोकतान्त्रिक आन्दोलनका अन्याङ्ग न्यान्गो जो पूर्व सत्ताधारी केन्या-अफ्रिकी राष्ट्रिय उदार लोकतान्त्रिक पार्टीका सदस्य पनि हुन्, भन्छन् । 'अपराधीलाई सुधिने मौका दिइनु पर्छ र गल्तीबाट पाठ सिक्ने अवसरबाट बञ्चित गर्नु हुँदैन । जेलबाट बाहिर निस्कँदा उनीहरू समाजका लागि उपयोगी व्यक्ति बन्न सकून्, त्यही नै सबैभन्दा ठूलो सफलता हुनेछ,' उनले भने ।

अहिले मृत्युदण्डको सजाय पाएका व्यक्तिहरूलाई कामगर्ने अनुमति दिइन्न । यसको अर्थ उनीहरूले कुनै बचत गरेका छैनन् र कामको अनुभव पनि समालेका छैनन् । भोलि जेलबाट बाहिर निस्केको अवस्थामा उनीहरू पुङमाङ सावित हुनेछन् ।

केन्या-अफ्रिकन राष्ट्रिय युनियन (कानु) पाटीका सांसद वलियम रुटो जो हालै प्रतिपक्षी पार्टीका सदस्य रहेका छन्, मृत्युदण्डका विपक्षमा कडा टिप्पणी गर्छन् । उनका विचारमा मृत्युदण्डको सजाय सबै कोणबाट निन्दनीय रहेको छ, यसमा कुनै पनि सकारात्मक पक्ष देखा पर्दैन । 'हामीले पुन:स्थापनाको दृष्टिकोण अङ्गीकार गर्नु आवश्यक हुन्छ, उनले भने ।

केन्या राष्ट्रिय मानव अधिकार आयोग जो स्वतन्त्र सार्वजनिक निकायका रूपमा २००३ देखि स्थापित संस्था हो, सल्लाह दिन्छ- मानव अधिकारको संरक्षण तथा सम्वर्द्धनका लागि सरकारले यस विवादमा प्रभावशाली कदम चाल्नुपर्छ । उसले संसदलाई मृत्युदण्ड खारेज गर्न तत्काल विधेयक ल्याउन सिफारिस पनि गरेको छ ।

मृत्युदण्ड हाम्रा किताव र कानुनहरूमा छ । तापनि यो प्रचलन ठिक होइन,' आयोगका अध्यक्ष मैना किआई गएको अप्रिल महिनामा मृत्युदण्ड विषयक एक कार्यपत्र प्रस्तुत गर्दै भन्छन् ।

संविधान र कानुनबाट मृत्युदण्डको सजाय हटाइनु पर्छ । मृत्युदण्डको सजाय पाएका व्यक्तिहरूलाई यसबाट मुक्त गर्न कानुनमा संशोधन हुनु पर्दछ

आयोगले मृत्युदण्डको सजाय तत्काल स्थगन गर्न सिफारिस गरेको छ । मृत्युदण्ड पाउने व्यक्तिहरूको लाम नबढाउन उसले सुझाव दिएको छ । जसले पहिला नै मृत्युदण्डको सजाय पाइसकेका छन्, उनीहरूलाई राष्ट्रपतीय अधिकार प्रयोग गरेर आजीवन कारावासको सजाय दिनुपर्ने उसको सुझाव छ । मानव अधिकारकर्मी संस्था हाकि फोकसका कार्यकारी निर्देशक हारुन दुवी मृत्युदण्डको सजायले भयानक प्रकृतिको अपराध गर्न व्यक्तिलाई निरुत्साहित गर्दछ भन्ने कुरामा प्रश्न गर्दछन् । मृत्युदण्डको सजाय दिने व्यवस्था भएर पनि केन्यामा अपराध बढिरहेकै छ । यसले त हत्याको संख्या मात्र बढाउँछ ।

उनी आईपीएसलाई बताउँछन्, ठूलो संख्यामा तन्नेरीहरूले आफ्नो अपराध लुकाउन प्रत्यक्षदर्शी वा प्रमाणका रूपमा खडा हुनसक्ने व्यक्तिलाई सखाप पार्ने गरेका छन् । खासगरी हत्या तथा डकैतीका सन्दर्भमा यो उदाहरण देखा पर्दछ, 'उनीहरूले दोष प्रमाणित होला भन्ने डरले थप अपराध गरेका हुन्,' नुवी मृत्युदण्डको सजाय कटौती गरेको अवस्थामा भयानक प्रकृतिको अपराधको संख्यामा कमी आउने धारणा व्यक्त गर्दछन् ।

उनी जसले मृत्युदण्डको सजाय पाएको छ, सही अर्थमा उही नै दोषी हो भनेर प्रमाणित गर्ने आधारप्रति पनि आशंका प्रकट गर्दछन् । कतिपटक झुट्टा आरोप लगाउने र पर्याप्त प्रमाणबिना नै कारवाही चलाउने गरिन्छ, उनले भने ।

नुवी थप्छन्, 'यो सजाय अमानवीय तथा नृशंस पनि छ,' व्यक्तिलाई दोषी करार गर्नु र मृत्युका लागि हुत्याइ दिनु र वर्षौसम्म अकाल मृत्युका लागि प्रतीक्षा गर्न लगाउनु आफैंमा चिन्तायुक्त विषय हो ।

मुङ्गाटानाले पनि यस मुद्दालाई उठाएका छन् । उनले पत्रकारसँग कुराकानी गर्दै भने, केन्याबाट मृत्युदण्डको सजायलाई खारेज गर्न सर्वप्रथम यो सजाय पाएका व्यक्तिहरूको दण्ड रूपान्तरण गर्नु आवश्यक छ ।

# चुरोटभन्दा धुवाँ खानेलाई ठूलो चोट

– मारवान माकन-मार्कर

बैंकक (आई.पी.एस्./एन्.पी.आई.) – धूमपान तथा सुर्ती सेवनविरोधी विश्वव्यापी अभियानमा कार्यालय, भोजनगृह तथा भट्टी पसलमा यसको प्रयोग रोकिएको छ । तर यो अभियान आफैमा चुनौतीपूर्ण रहेको छ ।

धूमपानविरोधी अभियानकै सन्दर्भमा १४६ विकसित तथा विकासशील मुलुकका प्रतिनिधिहरूले बैंककमा जुनको प्रारम्भमा एक हप्ता लामो सम्मेलन सम्पन्न गरे । सम्मेलनले चुरोट खानेलाई भन्दा नजिकमा बसेका धुवाँका शिकार व्यक्ति बढी प्रभावित हुने ठहर गर्दै उनीहरूको स्वास्थ्यको सुरक्षामा बढी ध्यान दिनुपर्ने निर्णय लियो ।

सम्मेलनले दिएको मार्गनिर्देशन राष्ट्रिय तथा स्थानीय सरकारहरूलाई धुवाँमुक्त वातावरण तयार पार्न आधार बनेको छ । यसबाट धूमपान नगर्ने र गरेर छोड्ने व्यक्तिहरूको स्वास्थ्य सुरक्षाका लागि सघाउ पुग्नेछ ।

'ध्वनि विज्ञानले प्रमाणित गरेको तथ्य के हो भने धूमपान नगर्ने व्यक्तिहरू पनि नजिकै बसेर कसैले धूमपान गरिदिएका कारण प्रभावित हुन पुग्दछन्,' विश्व स्वास्थ्य संगठनका सुर्तीमुक्त अभियानका प्रमुख डा. डगलस बेटचर सम्मेलनको समापनमा आयोजित पत्रकार संमेलनमा भन्छन्- सम्मेलनले जारी गरेको मार्ग निर्देशनले सुर्ती उत्पादक कम्पनीको प्रबर्द्धनात्मक व्यवहारको रहस्य बुझ्ने र धूमपान नगरेपनि धुवाबाट प्रभावित हुने व्यक्तिको असुविधाका सम्बन्धमा प्रकाश पारेको छ ।

एक अनुमानअनुसार ७० करोड बाल बालिका धूमपान नगरेपनि धूमपानको प्रभावले पीडित बनेका छन् । उनी जानकारी गराउँछन्, यसअतिरिक्त दुई लाख व्यक्ति विश्वमा प्रतिवर्ष धूमपान नगरेपनि धूमपानको प्रभावका कारण मृत्युको मुखमा पुग्दछन् ।

धूमपानमुक्त वातावरणको निर्माणका लागि विगत तीन वर्षअघि आम व्यक्तिको अवधारणा परिवर्तनको प्रयास थालियो । यही प्रयोजनका लागि चारवर्ष लामो कार्यक्रम अहिले सञ्चालनमा छ, सुर्ती नियन्त्रण संरचना महासन्धिका लागि विश्वस्वास्थ संगठनका प्रमुख डा. हेक निकोबोसियाँ भन्छन्- चारवर्ष अघि भोजनगृह तथा चमेना स्थलहरूमा धूमपान निषेध गर्न सकिएला भनेर सोचिएको सम्म थिएन ।

जुन ३० तारिखदेखि जुलाई ६ सम्म चलेको सम्मेलन सुर्ती नियन्त्रणबारेको महासन्धि लागू गर्न विभिन्न मुलुकहरूलाई पैरवी गर्न सफल भयो । यस प्रयोजनले आयोजना गरिएको यो दोस्रो सम्मेलन हो । यसले धूमपान नगरेपनि धूवाँको कारण प्रभावित हुने व्यक्तिको अवस्थाका सन्दर्भमा स्पष्ट पारेको छ । उनीहरूको स्वास्थ सुरक्षाको मुद्दा बाहिर ल्याएको छ । सम्मेलनले उठाएका अन्य विषयहरूमा गैरकानुनी रूपले सुर्तीको व्यापार चलाउने, सुर्ती उत्पादनमा लेवल लगाउने र त्यसको विज्ञापनमा नियन्त्रण गर्ने पक्षमा मार्गनिर्देश गरेको छ ।

सुर्ती नियन्त्रण विषयक महासन्धि सार्वजनिक स्वास्थ्य सन्धि हो । यो २००५ को फेब्रुअरी २७ देखि कार्यान्वयनमा आएको छ । वर्तमान अवस्थामा १४७ मुलुकहरूले यस महासन्धिको अनुमोदन गरिसकेका छन् । १६८ राष्ट्रहरूले सुर्ती विरोधी सन्धिमा हस्ताक्षर गरेका छन् । जेनेभास्थित विश्व स्वास्थ्य संगठनका १९२ सदस्य राष्ट्रहरूले यस महासन्धिलाई स्वीकार गरेका छन् । २००३ को मे महिनामा भएको ५६ औं विश्व स्वास्थ्य सम्मेलनमा ती राष्ट्रहरूले महासन्धिप्रति स्वीकृति जनाएका हुन् ।

यस अभियानका सदस्य राष्ट्रहरूको दोस्रो सम्मेलनले कडा शब्दको प्रयोग गर्दै सुर्तीनियन्त्रण विषयक महासन्धिले धूमपान नगरे पनि प्रभावित हुने व्यक्तिलाई प्रमुख प्राथमिकता दिदै पछिल्लो सम्मेलन सम्पन्न गरेको हो ।

सुर्ती नियन्त्रणमा संलग्न राष्ट्रहरूद्वारा तयार पारिएको संरचना महासन्धिका निर्देशक लरेन्ट हुवर भन्छन्, गैरसरकारी संगठनको सञ्जालका रूपमा यस संस्थाको विश्वव्यापी प्रभाव छ । 'महासन्धिमा सहमति हुँदा प्रयोग भएको भाषा कमजोर देखिन्छ । सन्धिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न नयाँ मार्गनिर्देशनको आवश्यकता पर्नुको पछाडि पनि सोही कमजोरी कारक रहेको छ ।'

'यस भेलाको उपलब्धि के रह्यो भन्ने कुरा महत्वपूर्ण छ,' उनले आईपीएसलाई भने- सहभागी मुलुकहरूले धूमपान नगर्ने व्यक्ति

पनि अरुले गरेको धूमपानका कारण प्रभावित हुन्छ भन्ने तथ्य थाहा पाए । यसो हुनुमा धुवाँमा रहेको कार्सिनोजेनिक कारक बनेको छ ।

विकासशील मुलुकहरूका प्रतिनिधिहरूले बहुराष्ट्रिय सुर्तीजन्य पदार्थका उत्पादकहरूको शक्तिका कारण यस समस्याले ठूलो रूप ग्रहण गरेको हो । बहुराष्ट्रिय कम्पनीले नै दक्षिण एशियाका मुलुकहरूमा धूमपानविरोधी अभियानलाई कमजोर बनाउने र कानुनका आँखा छल्ने कार्य गर्दै आएको छ

'सुर्ती कम्पनीहरू विकासशील मुलुकहरूमा आफ्नो व्यापार वृद्धि गर्दै आएका छन् । तर उनीहरूले विकासित मुलुकहरूमा परम्परागत बजार भने गुमाउनु परेको छ, यही अवस्था अफ्रिकामा पनि देखिन्छ,' केन्याबाट सम्मेलनमा सहभागी हुन आएका डा. अहमद ओग वयल भन्छन् । केन्याका नागरिक डा. ओग वयलले आफ्नो अन्तर वार्तामा भनेका छन्, 'कम्पनीहरू सुर्तीजन्य पदार्थको विज्ञापनका लागि बालबालिकाको समेत प्रयोग गर्दै आएका छन् ।'

वास्तवमा केन्या सुर्तीकै कारण धूमपानमुक्त बाताबरण बनाउन चालिएको अभियानमा पछाडि परेको छ । अन्ततः केन्याले सार्वजनिक स्थलहरूमा धूमपान नगर्ने व्यक्ति धूवाँबाट प्रभावित नहुन् भन्ने उद्देश्यका साथ त्यसमा प्रतिबन्ध लगाउन सफल भएको छ । गएको वर्षको मे महिनामा नै केन्याले सार्वजनिक स्थलहरूमा धूमपान गर्न प्रतिबन्ध लगाएको थियो । तर सुर्ती उत्पादकहरू सरकारी निर्णयकाविरुद्ध अदालतमा मुद्दा दर्ता गर्न पुगे ।

धूमपानविरुद्ध लिएको निर्णयको एक सातापछि नै सो निर्णयलाई चुनौती दिइयो, ओग वयल भन्छन्- अदालतको आदेशमा पूर्व निर्णय स्थगित हुन पुग्यो, मुद्दाको फैसला नभएसम्म निर्णय व्यवहारमा लागू हुन सकेन ।

सार्वजनिक स्वास्थ्यविद् तथा सुर्तीविरोधी अभियानका गैससहरूले बैंकककाे घटना आर्थिक रूपले कमजोर रहेका मुलुकहरू संकटमा परेको सन्दर्भमा प्रकास पारेका छन् । आर्थिक रूपले समृद्ध मुलुकबाट आएका लगानीकर्ताले विकासोन्मुख मुलुकहरूलाई प्रभावमा पारेर सुर्तीको व्यापार बढाएका छन् । दक्षिण-पूर्वी एसियाका १० मुलुकहरू पनि त्यस प्रकारको दवावमा परेका छन् । यस क्षेत्रको सर्वाधिक गरिब मुलुकका १५ लाख वयस्क तथा तन्नेरीहरू प्रभावित हुन पुगेका छन् । जम्मा ६५ लाख व्यक्तिहरू रहेको मुलुकमा धूमपानबाट त्यत्रो संख्या प्रभावित हुनु सामान्य विषय होइन । दक्षिण-पूर्वी एसिया सुर्ती नियन्त्रण सञ्जालद्वारा तयार पारिएको प्रतिवेदनमा जनाइएको छ- १० यस छेत्रका १० लाख व्यक्तिहरू प्रतिवर्ष धूमपानसम्बन्धी रोगहरूले मर्ने गर्दछन्, सञ्जालका संयोजक बुगो रिठ्ठी फाक्दी भन्छिन् । उनी अगाडि प्रकाश पार्छिन् असाक्षर तथा थोरै साक्षर व्यक्तिहरूको ठूलो संख्या धूमपान गर्छ । खासगरी विकासशील मुलुकमै यो समस्या देखा पर्दछ ।

धूमपानविरोधी अभियानको विस्तार हुँदैछ । विश्वमै सुर्तीको प्रयोगले मृत्युका घटनाहरू बढाउन सघाएको छ । 'करिब ५० लाख सुर्तीजन्य पदार्थका कारण प्रतिवर्ष विश्वमा ५० लाख व्यक्ति मृत्युको मुखमा पुगेका छन् । सुर्तीले जस्तै मान्छे मार्ने अर्को उत्पादन कुनै पनि छैन, सुर्ती नियन्त्रणबारेको महासन्धि कार्यान्वयन भए-नभएको अनुगमन गर्ने सम्मेलनमा उपस्थित नागरिक समाजले २००७ ञमा तयार पारेको प्रतिवेदनमा जनाइएको छ । बैंकक सम्मेलनमा सुर्तीनियन्त्रण विषयक संर चना महासन्धि सञ्जालद्वारा सार्वजनिक गरिएको प्रतिवेदनले पनि सोही कुराको पुष्टि गर्दछ ।

**बाट : नेपाल प्रेस इन्स्टिच्यूट**
**थापाथली–७०७ प्रशुतिगृह मार्ग**
**पोष्ट बक्स नं. ४१२८, काठमाडौं, नेपाल**
**फोन नं. ४–२६४१५५, ४–२६६४१८**
**फ्याक्स नं. २६४१५४**

**लाई :**